# शिवराज नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

शिवराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

*मिति:२०८१/३/९*

## नगर प्रमुख श्री अजय थापाद्वारा शिवराज नगरपालिकाको नगरसभाको पन्ध्रौं अधिवेशनमा प्रस्तुत आ.व.२०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम

**यस गरिमामय नगर सभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यू, संचारकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु।**

आज यस गरिमामय पन्ध्रौ नगर सभा समक्ष शिवराज नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियहीत, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुन: स्मरण गर्न चाहन्छु।

शिवराज नगरपालिकामा स्थानीय स्व-शासनको छोटो अभ्यास मै उत्साहबर्द्धक आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक विकास भएको छ। यो उपलब्धिले समृद्ध शिवराज नगरपालिका निर्माणमा बलियो आधारशिला निर्माण गरेको छ।
हालसम्म शिवराज नगरपालिकाले कानून निर्माण, संगठन संरचनाहरुको स्थापना मार्फत कार्यसम्पादन गर्दै "समृद्ध नगर, खुसी नगरवासी" को दीर्घकालिन सोच पुरा गर्न सेवा प्रवाह र विकास निर्माणका क्रियाकलापहरुलाई तिव्रताका साथ अगाडि बढाउने अभियानमा सहभागी सवैमा हार्दिक आभार प्रकट गर्दछु।

**नगरसभा सदस्यज्यूहरु,**

शिवराज नगरपालिका आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्था सहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सु-संस्कृत समाज निर्माणमा अग्रसर छ।
कृषि उत्पादकत्व वृद्धि गर्न कृषिको आधुनिकीकरण र व्यावसायीकरणको योजना सहित कृषि पूर्वाधारमा लगानी गरिएको छ।
गुणात्मक पुर्वाधार विकास मार्फत शिवराज नगरपालिका आर्थिक, सामाजिक रुपान्तरणको दिशामा अविछिन्न रुपमा अघि बढिरहेको छ। प्रगतिशिल र अग्रगमनको गतिमा आउने व्यवधान र समस्याहरुलाई सहकार्य समन्वय र सहकारीताको माध्यमले समाधान गर्दै समृद्धिको सफलता प्राप्तीमा निरन्तर लागी परेको छ।

**नगर सभासदस्यज्यूहरु,**

अव म शिवराज नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका महत्वपूर्ण उपलब्धीलाइ सारांशमा प्रस्तुत गर्न चाहन्छु।

**<u>आर्थिक विकास क्षेत्र</u> :**

### कृषि तथा पशु विकास

- छाडा चौपाया व्यवस्थापनको लागि सम्झौता भई टहरा निर्माणको कार्य सम्पन्न भएको छ।
- कृषकहरुलाई ५० प्रतिशत अनुदानमा ८२२६० केजी गहुँ तथा ३६७४५ के जी धानको विउ विजन वितरण गरिएको छ।
- सिंचाईका जिर्ण पुर्वाधारहरु शिवराज-७ को वालानगर शिवराज-३ मदवा शिवराज-९ को तुरुन्तपुर लगायतका ७ वटा  निर्माण गरि सञ्चालनमा ल्याइएको छ।
- सिंचाई प्रवर्द्धनको लागि ८८ वटा स्यालो ट्युवेल र वडा मार्फत ८० वटा सिंचाई मोटर वितरण गरिएको छ।
- किसान सुचिकरण कार्यक्रम अन्तर्गत यो आ.व. मा ५२८४ समेत गरि हालसम्म कुल ७४५९ जना किसान सुचिकृत गर्ने कार्य सम्पन्न भएको छ।
- यस आर्थिक वर्षमा शिवराजका विभिन्न वडाहरुमा १८ वटा गोवरग्याँस प्लान्टहरु निर्माण गरी संचालनमा ल्याइएको छ।
- शिवराज नगरपालिकाभित्र घाँसमा १५५ किसान र दुधमा २५२ किसानलाई उत्पादनमा आधारित अनुदान प्रदान गरिएको छ भने सुत्केरी गाई भैसिको अनुदानबाट ६६ जना किसान लाभान्वित भएका छन।
- १०० भन्दा वढी सामुदायिक कुकुरहरुलाई वन्ध्याकरण गरि व्यावस्थित गरिएको छ।
- बाख्रा प्रवर्द्धन अन्तरगत १० वटा खोर  र गाइ भैसि प्रवर्द्धन अन्तरगत १० वटा गोठ निर्माण तथा सुधार गरिएको छ।
- पशुपन्छि खोप पि.पि.आर. १४६११ खोरेत रोग नियन्त्रणमा ९६१९ भ्यागुते र चरचरेमा ६७५९ लम्की स्किन खोप २५०० गाईमा लगाइएको छ।
- नश्ल सुधारका लागि १२६१ पशुमा कृतिम गर्भाधान गरिएको छ।

### सहकारी

- सहकारी संस्थाको नियमन तथा क्षमता विकास अन्तरगत शिवराज नगरपालिका भित्र सञ्चालित १० वटा शहकारीको दर्ता खारेज गरिएको छ भने सञ्चालित सहकारीहरुको क्षमता अभिवृद्धिको लागि COPOMIS तालिम सञ्चालन गरिएको छ।

**पूर्वाधार विकास**

- नगरपालिकाभित्र यो आर्थिक वर्ष रिङ्गरोडको ४.८३ कि.मि. सडक  सडकबोर्डबाट १.३९ कि.मि. र वडाहरुबाट १.१ कि.मि. कालोपत्रे सम्पन्न भई यो वर्ष कुल ७.५ कि.मि. सडक कालोपत्रे तथा मर्मत भएको छ।
- यो वर्ष नगरपालिका भित्र कुल १७.९ कि.मि. सडक ग्राभेल गरिएको छ। त्यस्तै ४.३ कि.मि. सडक ढलान ५.६ कि.मि. नाली निर्माण र २.७ कि.मि. सिंचाई कुलो निर्माण गरिएको छ।
- करिब २ करोड लागतमा जवइ सिंचाई आयोजना निर्माणाधिन रहेको छ।
- १५ शैयाको शिवराज आधारभुत अस्पतालको लागि जग्गा प्राप्ति भई निर्माणको चरणमा छ।
- वडा नं १ र ११ को वडा कार्यालयको भवन निर्माणाधिन अवस्थामा रहेको छ।
- नगरभित्रका निर्माण कार्यलाई गुणस्तरिय बनाउन प्रयोगशालाको निर्माण गरिएको छ।

**शिक्षा**

- निशुल्क शिक्षा कार्यान्वयनको पहिलो बर्षमा अन्य पालिका तथा जिल्लाबाट समेत विद्यार्थिको चाप बढेको छ। यो बर्ष १५०० विद्यार्थि थप भएका छन्।
- कोरोना महामारीले अभिभावक गुमाएका २२ विद्यार्थिलाई छात्रवृत्ति वितरण भएको छ।
- नगरपालिकाभित्रका ११ वटा माध्यमिक विद्यालयका ९४३ विद्यार्थिलाई करियर गाइडेन्स अभिमुखिकरण तथा ७७० विद्यार्थिलाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ। त्यस्तै ४०० छात्राहरुलाई आत्मरक्षा तालिम प्रदान गरीएको छ।
- शिक्षकहरुको क्षमता अभिवृद्धि अन्तर्गत ६१ जना शिक्षकलाई EMIS तालिम तथा ७१ जना शिक्षकहरुलाई नयाँ पाठ्यक्रम प्रवोधिकरण तालिम सम्पन्न भएको छ।
- ENSURE परियोजना र हेल्भेटास को सहयोगमा प्रोफेशनल कुक र प्रोफेसनल एकाउन्टेन्टमा २०/२० जना गरी ४० जनालाई तालिम कार्यक्रम सञ्चालन भई रहेको छ।
- शिवराज नगरपालिका अन्तरगत संचालित संस्थागत विद्यालयहरुको वर्गिकरण गरिएको छ। सामुदायिक तथा संस्थागत विद्यालयको लागि दुरीका आधारमा भाडादर निर्धारण गरिएको छ।
- संस्थागत विद्यालयहरुमा शिवराज नगरपालिकाको अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन गर्न बनेको ऐन,२०७९ ले तोकेको गरिब जेहेन्दार मधेशी मुस्लिम आदिवासी जनजाती दलित र पिछडा वर्गका विद्यार्थिलाई १० देखी १५ प्रतिशत

छात्रवृत्ति अनिवार्य गरिएको छ। गत वर्ष ४६५ जना विद्यार्थिहरुलाई संस्थागत विद्यालयहरुबाट छात्रवृत्ति प्रदान गरिएको छ।

- संस्थागत विद्यालयले लिन पाउने शुल्कको अधिकतम सिमा निर्धारण गरिएको छ।
- सबै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरीएको छ।
- बालविकास कक्षा सञ्चालन गरेका सबै विद्यालयहरुमा कक्षाको ग्रेड थप गरिएको छ।
- सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षहकरु राजनैतिक दलको सदस्यता लिन नहुने कानूनी प्रवन्धको कार्यान्वयन गरिएको छ।जस अन्तर्गत शिवराज नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्यापन गराउने २७ जनाले दलको सदस्यता छाडेका छन् भने ३७ जनाले दलमा आबद्ध नरहेको निवेदन नगरपालिकामा बुझाएका छन्।

**स्वास्थ्य**

- आधारभुत अस्पतालबाट प्रदान गरिने सेवालाई थप व्यवस्थित गरिएको छ। चौविसै घण्टा आकस्मिक सेवा तथा पोष्टमार्टम सेवा सञ्चालन भएको छ। क्षयरोग निवारणको लागि आधारभूत अस्पतालमै DR केन्द्रको स्थापना गरिएको छ। स्मार्ट क्लिनिक सञ्चालनमा ल्याइएको छ।
- आधारभूत अस्पतालमा नेपाल सरकारले तोकेको निशुल्क बाहेकका औषधि १५ प्रतिशत छुटमा पाउने गरी फार्मेसिको व्यवस्था गरिएको छ।
- आधारभूत अस्पताल चन्द्रौटाबाट स्वास्थ्य विमा गर्ने गरी स्वास्थ्य विमा वोर्डसंग सम्झौता भई सेवा सुचारु हुने क्रममा रहेको छ।
- ११ वटै वडामा नि:शुल्क आँखा शिविर गरी ४१५५ जनाको आँखा परीक्षण, १४४३ जनालाई निशुल्क चस्मा वितरण र १७८ जनाको मोतियाबिन्दुको नि:शुल्क अपरेशन गरिएको छ।
- शिवराज नगरपालिका भित्रका जेष्ठ नागरिक तथा दिर्घरोगीहरुलाई घरमै गई स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- शिवराज आधारभूत अस्पताल चन्द्रौटाबाट महिनाको दुई पटक तथा वडामा रहेका स्वास्थ्य चौकिहरुबाट समेत मासिक रुपमा विभिन्न विषयका विशेषज्ञ डक्टहरुबाट विशेषज्ञ सेवा प्रदान गरिएको छ।
- शिवराज नगरपालिकाका नागरिकलाई नेपाल रेडक्रस सोसाइटि बुटवल संगको समन्वयमा १६६ जनालाई ३१६ युनिट निशुल्क रगत उपलब्ध गराइएको छ।
- डायलाइसिस सेवा लिने मृगौला रोगीलाई बुटवल सम्म निशुल्क यातायात सेवा प्रदान गरिएको छ।

- शिवराज नगपालिकाका ११ वडाका घरधुरीमा गई १५ महिना मूनिका बालवालिकाको लाइन लिस्टीङ्ग तथा १६ देखि ५९ महिनाका बालवालिकाहरुको पूर्ण खोप दीगोपनाको सुनिश्चिता गरि पूर्णखोप घोषणा गरिएको छ।
- पालिकामा स्वास्थ्य ड्यासवोर्ड संचालनमा ल्याइएको छ।
- स्वास्थ्य संस्थाबाट रिफर डेलिभरी केसलाइ नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ। यो आर्थिक वर्षमा २९८ जना सुत्केरीले उक्त सेवाको उपयोग गरेका छन्।
- शिवराज नरपालिकामा निशुल्क शव वाहनको व्यवस्था मिलाइएको छ।
- शिवराज नगरपालिका भित्र भेटिएका सहयोगापेक्षि २३ जना सडक मानवलाई उद्दार गरी मानवसेवा आश्रम बुटवलमा पठाइएको छ।

**प्रशासन तथा संस्थागत सुशासन**

- आर्थिक शु-सासनको अथक प्रयासको परिणाम स्वरुप महालेखा परीक्षकको आ.व. २०७९/८० को प्रतिवेदन अनुसार लुम्बीनी प्रदेशमा सबैभन्दा कम बेरुजु रहेको नगरपालिका तथा देशभरका नगरपालिकामा पाँचौ र देशभरका समग्र पालिकाहरुमा २५ औँ स्थानमा रहेको छ।
- नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन LISA को नतिजामा सुधार भएको छ।
- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि कार्यान्वयनमा लगिएको छ।
- पालिका अन्तर्गतका वडा कार्यालय स्वास्थ्य संस्थाहरुमा विघुतीय हाजिरी प्रणाली संचालनमा ल्याईएको छ।
- विभिन्न ८ वटा विज्ञापन मार्फत १५ जना कर्मचारी नियुक्ती गरिएको छ।
- नगर प्रहरी जवान ४ जना नियुक्ती गरिएको छ।
- यसै वर्ष विभिन्न वडाका २५ वटा टोल विकास संस्था दर्ता भई कुल ६० वटा टोल विकास संस्था दर्ता भएका छन।
- यस वर्ष २१ सामाजिक संस्था दर्ता भएका छन्।

**विपद व्यवस्थापन**

- जाजरकोट भुकम्प पिडितहरुलाई नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधहरुको तलवबाट ६ लाख बराबरको राहत सामाग्री भूकम्प प्रभावित क्षेत्रमा नै गई उपलब्ध गराइएको छ।
- नगरभित्र विभिन्न विपदबाट पिडित ४१ जना लाई रु.३ लाख ५ हजार राहत वितरण गरिएको छ।

**राजश्व**

- राजश्व संकलन गर्ने कार्यलाई सुत्रको रिभेन्यु मोडल फुल फेजमा संचालनमा ल्याइएको छ।

**रोजगार सेवा केन्द्र**

- प्रधानमन्त्री रोजगारका कार्यक्रम अन्तर्गत कुल ९० जना लाई रोजगारमा समावेश गरिएको छ।
- स्थानीय रोजगार रणनीति तर्जुमा तथा स्थानीय रोजगार संवाद मञ्च गठन गरिएको छ।

**उद्योग विकास**

- मेडपा र यस पालिकाको साझेदारीमा यस पालिकाका विभिन्न वडाका ४२ जना स्थानीयहरुलाई ढकिया र चप्पल बनाउने तालिम संचालन गरिएको छ।
- शिवराज नगरपालिका वडा न ८ का १२ किसानहरुलाई व्यावसायिक तरकारी खेती तालिम तथा मेसिन औजार हस्तान्तरण गरिएको छ।

**सामाजिक विकास**

- मेयर रोजगार कार्यक्रम अन्तर्गत ५८ जनालाई व्युटिसियन, १८ जनालाई बेकरी र ३९ जनालाई कम्प्यूटर डाटावेस तथा नेटवर्किङ्ग तालिम प्रदान गरिएको छ। त्यस्तै शिवराज नगरपालिका भित्र रहेका उद्योगहरुले ५० प्रतिशत स्थानीय कामदार राख्नुपर्ने प्रावधान अनुरुप उद्योगिहरुसँग कामदारको अभिलेख माग गरी पुर्णतया लागू गर्न जोड दिइएको छ।
- एडभान्स विद्युत वायरिङ्ग २९ जनालाई, एडभान्स ढकिया बनाउने तालिम ३५, थाकलको सामग्री बनाउने तालिम २६, विपन्न युवालाई मोटर ड्राइभिङ तालिम ३४, सिलाइकटाई तालिम २६ जनालाइ सम्पन्न भएका छन्।त्यस्तै मधेशि मुस्लिम महिलाहरुको क्षमता अभिवृद्धी कार्यक्रम सम्पन्न भएका छन् । वडाहरुबाट आधारभूत कम्प्यूटर तालिम ७० जनालाई, आधारभूत सिलाइ कटाई ४० जनालाई व्यूटिपार्लर तालिम २० जना तथा विद्युत वायरिङ्ग तालिम २० जनालाई र शैलुन तालिम ५ जनालाई प्रदान भएको छ।

**वन तथा वातावरण**

- समृद्धिका लागि वन परियोजना अन्तर्गत समुदायमा आधारित वन व्यवस्थापन समूहहरुलाई लैंङ्गिक समावेशिकरण तथा क्षमता विकास तालिम प्रदान गरिएको छ।

**सामाजिक सुरक्षा तथा पंजिकरण**

- शिवराज नगरपालिकाका प्रत्येक वडाका जेष्ठ तथा अपाङ्गता भएका व्यक्तिहरुलाई बैङ्किग शिविर मार्फत वडा कार्यालय र अशक्त लाभग्राहीहरुलाई घरमै गई लगभग ८ हजार लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

- सामाजिक सुरक्षा भत्ता वापतको रकम EFT मार्फत लाभग्राहीको सोझै खातामा जम्मा गरिदिने व्यवस्थालाई कार्यान्वयन गरिएको छ।

**सामी परियोजना**

- यो आर्थिक वर्षमा नगरपालिकाभित्र हरेक महिना ६ पटक जनालाइ वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श प्रदान गरिएको छ।
- वैदेशिक रोजगार बाट विरामी भई फर्केका ६ जनालाई आर्थिक सहायताका लागि सिफारिस गरी रु.२०,१०,०००रकम सेवाग्राहिले प्राप्त गरेका छन्।
- वैदेशिक रोजगारी को शिलसिलामा ज्यान गुमाएका परिवारको सदस्यलाई श्रम अवधि नभएका लाईरु.२५,०००।का दरले १० जना सेवाग्राहिले प्राप्त गरेको र श्रम अवधि भएको ४ जना ले रु.२१,००,०००। का दरले प्राप्त गरेको।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवारहरुलाई घातक रोग लागे वापतको आर्थिक सहायताका लागि रु.५०,०००/- का दरले ८ जनालाई वैदेशिक रोजगार वोर्डमा सिफारीस गरिएको।
- सामुदायिक विद्यालयका विद्यार्थिहरुमा देखा परेको मास कन्भर्जन समस्या न्यूनिकरणका लागि मनोसामाजिकपरामर्श सेवा प्रदान गरिएको छ।

**यूनिसेफ र पालिकाको साझेदारी**

- शिवराज नगरपालिकाका सबै स्वास्थ्य संस्थाको वर्तमान खानेपानी सरसफाई तथा स्वच्छताको अवस्था विश्लेषण गरी वडा नं ७ को जभावारी स्वास्थ्य चौकीमा खानेपानी तथा सरसफाईका संरचना निर्माण गरिएको छ।
- शिवराज नगरपालिकाको सम्पुर्ण वडाहरुको ४१० घरधुरीको खानेपानी गुणस्तर परिक्षण गरिएको छ।
- शिवराज नगरपालिका वडा नं.२ लाई बालमैत्री बडा घोषणाका लागि तथ्याङ्क सर्वेक्षण, बाल प्रोफाईल निमार्ण र लगानी योजना निमार्ण गरिएको छ।
- बालमैत्री स्थानिय शासन सम्बन्धि महिला स्वयमसेविका, शिक्षक, बाल क्लव र किशोर किशोरीहरुलाई तालिम प्रदान गरिएको छ।
- शि.न.पा वडा नं.२ का बालमैत्री स्थानिय शासन समितिका सदस्य, धर्मगुरु, होटल व्यावसायिहरुलाई बालमैत्री स्थानिय शासन सम्बन्धि प्रशिक्षण दिइएको छ।
- शिवराज नगरपालिका वडा नं. ३,४,५,६,७ का धर्मगुरु, मौलानाहरुलाई दादुरा रुवेला सम्बन्धि अन्तरक्रिया सम्पन्न गरी, खोप लगाए/नलगाएको घरधुरी सर्वेक्षण गरी १६००० बालबालिका लाभावित भएका छन्।

**सहकार्य र समन्वय**

- संघ प्रदेश र अन्तरगतका निकायहरुसंग सहकार्य र समन्वयमा विभिन्न सामाजिक तथा विकासात्मक क्रियाकलाप सञ्चालन गरिएको छ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

शिवराज नगरपालिकाले **"समृद्ध नगर, सुखी नगरवासी"** को आकाङ्क्षा पूरा गर्न देहाएका रणनीतिक आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

क. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने संबैधानिक व्यवस्थाको परिपूरण गर्न समतामुलक सेवा र शान्ति संबेदनशिल विकास पद्धति अवलम्बन गरिनेछ।

ख. नेपाल सरकारको दीर्घकालिन सोंच, दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौ योजनाका लक्ष्य, लुम्बीनि प्रदेश सरकारको आबधिक योजनाको लक्ष्य र शिवराज नगरपालिकाको प्रथम आबधिक विकास योजना २०७८/७९- २०८२/८३ कोलक्ष्य लगायतका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशामा यो नीति तथा कार्यक्रम तथा वार्षिक योजना परिलक्षित हुनेछन्।

ग. लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गरिनेछ।

घ. नगरपालिकाले दिगो बिकासको लक्ष्य प्राप्तिको विश्वव्यापी र राष्ट्रिय अठोटप्रति दृष्टिगत गर्दै मौलिक विकासमा जोड दिई विकासको स्थानीयकरण गरिनेछ।

ङ. स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता एवं अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशिल सामाजिक जीवनको स्थापना गरिनेछ।

च. सहकारिता, समन्वय र सह अस्तित्वमा आधारित संघीय प्रणालीको आधार स्थानीय तहको स्रोत परिचालन क्षमता बढाई राष्ट्रिय लक्ष्य र नगरको वृहत्तर विकासको योजनाअनुरुप कार्यक्रम कार्यान्वयन गरिनेछ।

छ. स्वास्थ्य र शिक्षा सेवामा गुणात्मक सुधार र बैकल्पिक पद्धतिको अनुसरण गरिनेछ, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गरिनेछ र विकास निर्माण कार्यलाई तीब्रता दिने कार्यक्रम कार्यान्वयन गरिनेछ।

ज. संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा सबै तहका सरकारबाट प्राप्त मार्गदर्शन सहयोग र सल्लाहलाई अनुशरण गरिएको छ।

# नीति तथा कार्यक्रम: २०८१/८२

**"शिवराजको समृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन र पूर्वाधार"** भन्ने मूल नाराका साथ "समृद्ध नगर, खुसी नगरवासी" को मर्मलाई आत्मसाथ गर्दै अब म आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

## आर्थिक विकास नीति

### क. कृषि विकास तथा पशु विकास तर्फ :

- पशु पंक्षिपालक किसानहरुले पालन गरेका पशुपंक्षीमा कुनै रोग तथा प्रकोप देखिन गएको सूचना प्राप्त हुन साथ पशु चिकित्सकलाई किसानको घरगोठ/फर्ममै पठाई तत्कालै उपचार गर्ने (अनकल सेवा) व्यवस्था मिलाईनेछ।
- कृषि र पशुपंक्षी क्षेत्रको विकास विस्तारको लागि आवश्यक नीतिगत सुधार, अन्तर सरकार समन्वय तथा बार्षिक बजेटको प्राथमिकतामा राखिनेछ।
- कोल्ड स्टोरमा राखिने स्थानीय कृषि उपजको महशुलमा कृषकहरुलाई छुट दिने प्रवन्ध मिलाइने छ।
- साना सिंचाई पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ।
- सिंचाई स्रोतका मूहानहरु संरक्षण तथा सिंचाई पुर्वाधारहरुको मर्मत संभार गरि पूर्ण प्रयोगमा ल्याइनेछ।
- किसान सूचीकरण कार्यलाई निरन्तरता दिँदै किसान कार्ड वितरण कार्यको शुरुवात गरिने छ।
- खाद्यान्नमा अत्मनिर्भरताका लागि अनुदानमा धान गहूँको वीउ वितरण गरिने व्यवस्था मिलाइनेछ।
- व्यवसायिक धान तथा मकै पकेट क्षेत्र स्थापनामा जोड दिइनेछ।
- नगरभित्र संचालित हाटबजारहरुलाई थप व्यवस्थित गरिनेछ।
- सफ्टवेयर प्रयोग गरि कृषकहरुको व्यावसायिक कार्य योजना बनाउने कार्यलाई निरन्तरता दिइनेछ।
- व्यावसायिक कृषि प्रणालिलाई प्रवर्द्धन गर्न सामुहिक खेति कार्यलाई प्रोत्साहन गरिने छ।
- नगरभित्र रहेको राजकुलो तथा ताल तलैयालाई संरक्षण तथा व्यवस्थापन गरिने छ।
- दुध,फुल,माछा,मासु र खाद्यान्नमा आत्मनिर्भर नगरपालिका बनाउन जोड दिइने छ।
- कृषि र पशुपंक्षि विकासमा उत्पादनमा आधारित अनुदान मार्फत वास्तविक किसानको पहुँचलाई सुनिश्चित गरिने छ।
- पशु आहारलाई व्यवस्थापन गर्न बाह्रै महिना हरियो घाँस खेती गर्न प्रोत्साहन गरिने छ।
- पशुपंक्षिमा लाग्ने विभिन्न रोगहरु नियन्त्रण गर्न खोप कार्यक्रमलाई बढावा दिईनेछ।

- पशु उपचार कार्यक्रम तथा शिविर गरि रोग नियन्त्रण गरिनेछ।
- सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण गरी रेविज रोग नियन्त्रण गरिनेछ।

**ख. श्रम तथा रोजगार, उद्योग वाणिज्य र पर्यटन संस्कृति प्रवर्द्धन :**

- शिवराज नगरपालिकाको मानव संशाधन योजना निर्माण गरिनेछ।
- दक्ष श्रमिक, श्रमको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस नगरपालिकाको प्रमुख श्रम नीति हुनेछ। सीप विकास, स्थानीय उद्योगहरुसँग सहकार्य, पढ्दै कमाउँदै अभियान, स्थानीय साधनस्रोतको उपयोग, लगायतका रोजगारीका आधार स्तम्भहरूको विकास र सदुपयोग गरेर व्यापक रोजगारीका अवसर सिर्जना गरिनेछ।
- उद्यम व्यवसाय गर्न क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरणका कार्यक्रमसँग आबद्ध गराइनेछ। यसका लागि हाल संचालित मेयर स्वरोजगार कार्यक्रमहरूलाई थप प्रभावकारी र ब्यवस्थित बनाउँदै लगिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसम्बन्धी अन्य कार्यक्रमहरूसँग आवद्ध गरी यथार्थ उत्पादनमुलक रोजगारी सिर्जना गरिनेछ।
- रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरू बीच सम्पर्क स्थापित गरी रोजगारी प्राप्तिमा सहयोग गरिनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रम सृजनाका लागि वडाबाट लाभ लागत विश्लेषका आधारमा श्रम मैत्री उत्पादनमूलक योजना छनौट गरि लागू गरिनेछ।
- आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरिनेछ।
- श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्दै श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गरिनेछ।
- शिवराज नगरपालिका भित्र सञ्चालित उद्योग तथा प्रतिष्ठानहरुले दक्ष, अर्धदक्ष र अदक्ष व्यक्तिको रुपमा कार्य वर्गिकरण गरिनेछ, न्यूनतम ५०% जनशक्ति शिवराज नगरपालिकाका नागरिक मध्येबाट राख्नुपर्ने व्यवस्था मिलाइनेछ।

**ग. उद्योग वाणिज्य र पर्यटन प्रवर्द्धन तर्फ :**

- उद्योग तथा व्यापर व्यवसायहरुलाई नगरपालिकामा दर्ता र नविकरण गरेर मात्र सञ्चालन गर्नु पर्ने कुरामा जोड दिइने छ। नगरपालिकाभित्र रहेका तर नगरपालिकामा दर्ता नविकरण नगरेका व्यवसायहरुलाई नगरबाट दिइने सेवामा रोक लगाउने नीति अवलम्बन गरिनेछ।
- उपभोक्ता हक हित संरक्षणका लागि बजार अनुगमन गरी म्याद गुज्रेको र गुणस्तरहिन सामान विक्री वितरण कार्यलाई रोक लगाउन बजार अनुगमनलाई तिब्र पारिनेछ।
- बाटोको छेउ छाउ राखि सञ्चालन हुने व्यापार व्यवसायलाई दर्ता प्रकियामा ल्याई गुणस्तरीय वस्तु तथा सेवा प्रदानको लागि व्यवस्था मिलाइनेछ। नगरपालिकामा दर्ता नभई खुला रुपमा व्यापार व्यवसाय गर्ने पोके व्यापारीलाई निरुत्साहन गरिनेछ।
- सबै खाले व्यापार व्यवसाय सञ्चालन भएका पसलहरुमा अनिवार्य रुपमा वस्तु तथा सेवाको मूल्य स्पष्ट रुपमा उल्लेखित गरी मूल्यसूची राख्नु पर्ने व्यवस्थामा जोड दिइनेछ।
- महिला उद्यमी र महिला उद्यमी समूहलाई उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गरी स्वरोजगार हुने कुरामा विशेष जोड दिईनेछ।
- शिवराज नगरपालिकामा रहेका शिवगढी किल्ला तथा शिव मन्दिर, ऐतिहाँसिक सोनवागढ मन्दिर, स्वर्गद्धारि आश्रम, लक्ष्मणघाट धाम, उमरी गुफा तथा विभिन्न गुम्बा मस्दिज लगायतका धार्मिक तथा प्राचिन र थारु संग्राहलय, तातोपानी क्षेत्र, भाइरल पहाड लगायतका पर्यटकीय क्षेत्रहरुको संरक्षण विकास र प्रवर्द्धनमा जोड दिइनेछ।
- नगरक्षेत्र भित्र भेटिएको संसारमा लोपन्मुख प्रजातीको कछुवाको खोज तथा अनुसन्धान गरी संरक्षण र प्रवर्द्धन गरिनेछ।

**घ. सहकारी :**

- स्थानीय तहको नियमन क्षेत्राअधिकार भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ।
- स्थानीय ऐन तथा नियम अनुरुप विनियम तथा कार्यविधि तर्जुमा एवं परिमार्जन गरी सञ्चालनमा अनिवार्य जोड दिइनेछ।
- सहकारी संस्थाहरुलाई COPOMIS प्रणालीमा अनिवार्य रुपमा आवद्ध हुने कार्यमा जोड दिइनेछ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न सहकारी संस्थाहरुसँगको समन्वयमा COPOMIS, PEARLS लेखा लगायतका तालिमहरुको व्यवस्था गरिनेछ।

**ङ. लघु उद्यम :**

- नयाँ लघु उद्यमी सिर्जनाका लागि स्टार्ट-अप बिजनेस कर्जा प्रदान गरिनेछ। नयाँ उद्यमिका लागि सिप विकास तालिम सञ्चालन गरिनेछ।

- लघु उद्यमीहरुको स्तरउन्नति र बजारीकरणमा टेवा पुर्याइनेछ।
- उद्यम घर तथा कोसेली घर संचालनमा जोड दिईनेछ।
- स्थानीय स्रोत साधनको प्रयोग गरी सम्भाब्य उत्पादनमा जोड दिईने छ।
- उद्यमशिलता विकास तालिम मार्फत व्यवसायिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- उत्पादित वस्तुहरुलाई औद्योगिक तथा बजार मेला प्रदर्शनीमा सहयोग गरिनेछ।
- लघु उद्यमीलाई आवश्यक प्रविधिमा सहयोग गरिनेछ।
- उद्यमीहरुलाई वित्तिय सेवा प्रदायकहरु सँग समन्वय गराई ऋणको व्यवस्थापन गर्न सहजिकरण गरिनेछ।

**च. राजश्व परिचालन तथा वित्तिय व्यवस्थापन :**

- राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- करको दायरामा विस्तार गरिनेछ।व्यवसायहरुको विगतको नविकरण शुल्कलाई घटाई सबै व्यवसायिहरुलाई नविकरण गर्न प्रोत्साहीत गरिनेछ ।
- कर प्रशासनलाई करदातामैत्री, आधुनिक प्रविधिमैत्री र व्यवस्थित बनाईनेछ।
- नगरमा प्राप्त राजश्वलाई सुत्र प्रणाली मार्फत व्यवस्थित र वैज्ञानिक बनाईनेछ।
- नगरभित्र संचालित व्यापार, व्यवसाय, औद्योगिक क्षेत्र लगायतका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउन कानून बमोजिम दर्ता नविकरण तथा करदाताको अभिलेख अद्यावधिक गरिनेछ।
- राजश्व चुहावट नियन्त्रण गरिनेछ।चुहावटमा संलग्न जनप्रतिनिधि, कर्मचारी तथा करदातालाई कानून बमोजिम कारवाही गरिनेछ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा योगदान दिने सहज वातावरण बनाउने कर नीति अवलम्वन गरिनेछ।
- नगरको स्वामित्व वा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा ,जमिन, पोखरी, हाटबजार तथा अन्य भौतिक सम्पत्तीको अभिलेख र अद्यावधिक गरी राजश्व प्राप्त गर्ने माध्यमका रुपमा प्रयोग गरिनेछ।
- नगरपालिकाले संकलन गर्ने राजश्व स्थानीय तहको आर्थिक प्रशासनमा प्रयोग भएको SUTRA प्रणालीमा आवद्ध गरी सञ्चालन गरिनेछ।
- करका नयाँ सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यसलाई करको दायरामा ल्याइने छ।
- **"कर, नगर विकास र समृद्धिको भर"** भन्ने मान्यतालाई आत्मसातगरी नागरिकमा नगरप्रति योगदान बढाउने कार्यक्रममा जोड दिइनेछ ।

## सामाजिक विकास नीति

### क. शिक्षा,यूवा तथा खेलकुद:

### अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीति

- शिवराज नगरपालिकाको सामुदायिक विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गर्न पहुँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि सम्वन्धी कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनको लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्यवन गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा समेत पठनपाठन शुरुवात गरिनेछ।
- कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थिलाई पढ्दै कमाउँदै अन्तर्गत उद्यमशिल क्षमता अभिवृद्धि गर्न मागमा आधारित सीप विकास गरिनेछ।
- कक्षा ८,९,१० का विद्यार्थिहरुलाई बाल अधिकार, बालविवाह, मानव अधिकार, महिला हिंसा, ट्राफिक नियम लगायतका समसामयिक विषयहरुमा अभिमुखिकरण गरिनेछ।
- सुचकमा आधारित अनुगमनबाट विद्यालयको शैक्षिक गुणस्तर व्यवस्थापकीय सुधार र भौतिक सुधारमा जोड दिइनेछ।
- सामुदायिक विद्यालयहरुको संचालित कक्षा विद्यार्थि संख्या र विषयगत शिक्षक दरबन्दीलाई आधार मानि दरबन्दी मिलान आवश्यकता अनुसार थप स्वयंसेवक शिक्षकको दरबन्दी सृजना तथा वितरण गरिनेछ।
- कक्षा ११ र १२ को पठनपाठन विहानी सत्रमा सञ्चालन गरी विद्यार्थी र शिक्षकको अनुपातका आधारमा आंशिक स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- सामुदायिक विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क अशुल नगरिने व्यवस्था मिलाईनेछ।
- सामुदायिक विद्यालयको भौतिक, शैक्षिक, व्यवस्थापकीय तथा वातावरणिय पक्षहरुको सम्पूर्ण खर्चको ब्यवस्था गरिने नीति निरन्तरता दिइनेछ।
- आधारभूत तहको शिक्षा अनिवार्य गर्न सवै विद्यालय उमेर समूहका बालबालिकाको विद्यालयमा पहुँचको सुनिश्चितताका लागि **"विद्यालयको शैक्षिक र भौतिक सुधार, बालबालिका प्रवेशको आधार"** मूल नाराका साथ विद्यालयको शैक्षिक एवं भौतिक सुधारका कार्यक्रमहरु संचालन गरिने छ।
- **"सवल र प्रतिवद्ध शिक्षक, खुसी विद्यार्थी, उत्कृष्ट सिकाई उपलब्धी"** का लागि बालशिक्षिका,शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

- सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड उपलव्ध गराईनेछ।
- प्रारम्भिक बाल कक्षा देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीका लागि दिवा खाजाको कार्यक्रमलाई स्थानीय उत्पादनमा आधरित तथा पोषणयुक्त बनाउन जोड दिइने छ।
- शिक्षण सिकाई क्रियाकलापमा डिजिटल प्रविधीको प्रयोग गरी सिकाई सहजीकरण गर्न प्रोत्साहित गरिनेछ। सवै आधारभूत विद्यालयमा समेत इन्टरनेट जडान गर्न प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- विद्यालयलाई क्लिन ग्रिन एण्ड पिस बनाउन विद्यालय क्षेत्रभित्र आकर्षक फुलवारी निर्माण गर्न अभिप्रेरित गरिने छ।
- विद्यालय सुशासनलाई प्रवर्धन गर्न विद्यालयमा गुनासो पेटिका तथा नागरिक वडा पत्रको व्यवस्था गरिनेछ।
- विद्यालय आउन नसकेका वा विद्यालयमा भर्ना भएर पनि निरन्तरता दिन नसकेका बालबालिका, युवा तथा शिवराज नगरपालिकाका प्रौढहरुलाई अनौपचारिक शिक्षाका विभिन्न मोडलहरु प्रयोग गरी सामुदायिक सिकाई केन्द्र तथा विभिन्न गैर सरकारी संस्थाको सहयोगमा शिक्षा प्रदान गर्ने नीति अबलम्बन गरिनेछ।
- संस्थागत विद्यालयको सुधार, शुल्क निर्धारण तथा वर्गिकरण गरिनेछ। न्यूनतम पूर्वाधार नपुगेका संस्थागत विद्यालयलाइ मर्जर तथा खारेजिको नीति अवलम्बन गरिनेछ। छाता संघ/संगठनसँगको सहकार्यमा संस्थागत विद्यालयको क्षमता अभिवृद्धी तथा सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ।
- सामुदायिक र संस्थागत विद्यालयका अनुभव र सिकाई आदान प्रदान गर्न संयुक्त बैठक तथा विद्यार्थीहरुको बिचमा समान विषयमा समान किसिमको सहभागिता गराउने नीतिलाई निरन्तरता प्रदान गरिनेछ।
- प्रारम्भिक बाल कक्षाका सहयोगी कार्यकर्ता, विद्यालय र कर्मचारीहरुलाई दिईएको थप प्रोत्साहन अनुदान रकमलाई निरन्तरता दिईनेछ।
- शैक्षिक गतिविधीहरुलाई प्रवर्द्धन गर्न शैक्षिक बहसका कार्यक्रम संचालन गरिनेछ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श कार्यक्रम संचालन गरिनेछ।
- उच्च शिक्षा अध्यनरत गरिव/जेहेन्दार/जनजाती/मधेसी/मुस्लीम/थारु/दलित/शहिद परिवार/खस आर्य छात्र छात्रा लक्षित मेयर/उपमेयर छात्रवृती कार्यक्रम मार्फत छात्रवृती प्रदान गरिनेछ।

## युवा तथा खेलकुद

- **स्वस्थ शरीर र स्वस्थ मस्तिष्कका लागि खेल** भन्ने तथ्यलाई मनन् गर्दै खेलका लागि आवश्यक पूर्वाधारको विकास गर्दै खेलको माध्यमबाट खेलाडीलाई क्रियाशिल गराउँदै उत्साहित गर्न र युवाहरुमा अन्तरनिहित प्रतिभालाई प्रष्फुटन गराउन वडा वडामा खेल संचालन र नगर स्तरमा वडागत प्रतिस्पर्धा गराई खेलाडी पहिचान गरी प्रोत्साहन गरिनेछ।
- मेयर कप, उपमेयर कप र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गरिनेछ। युवाहरुलाई खेलको माध्यमबाट स्वस्थ जीवनशैली अपनाउन सृजनसील हुन समाजको प्रतिष्ठा अभिवृद्धी गर्न अभिप्रेरित गरिनेछ। नगरबाट सञ्चालन हुने बार्षिक खेलकुदका कार्यक्रमका साथै खेलाडी उत्पादनलाई प्राथमिकता दिइनेछ।
- नगरभित्र खेल मैदान तथा कभर्डहल लगायतका खेलकुद पूर्वाधार निर्माणका लागि नगरपालिका प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ।
- नगरपालिकाका खेलाडीहरुलाई जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा हुने खेलमा सहभागी गराउने नीति तय गरिनेछ। खेल जगतमा उत्कृष्ठ नतिजा ल्याउने खेलाडिलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।
- समाजका लागि उल्लेख्य योगदान दिनु भएका व्यक्ती र संस्थाको सम्मानका लागि संचालन हुने खेल तथा अन्य युवाहरुको विकासका लागि गरिने गतिबिधी संचालन गर्न सहयोग गर्ने नीति तय गरिनेछ।
- विद्यालयमा कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुलाई शारीरिक, मानसिक र भावनात्मक रूपमा सशक्त बनाई आत्मरक्षा गर्न सक्षम बनाउने एवं उपकरण र प्रविधिसँग परिचित गराई आत्मबल उच्च बनाउने उद्देश्य सहित आत्मरक्षा प्रशिक्षण दिईनेछ।

**ख. स्वास्थ्य :**

- स्वास्थ्य सेवालाई सरल सहज गुणस्तरिय र पहुँयोग्य बनाउन आबश्यक पहल गरिने छ।
- १५ शैयाको शिवराज आधारभूत अस्पतालको निर्माण आरम्भ गरिनेछ।
- नगरपालिकाबाट संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, आधारभूत स्वास्थ्य सेवा अस्पतालहरुबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय बनाउन र औषधि उपकरणको अभाब हुन नदिन जोड दिइनेछ।
- सर्पदंश उपचारको लागि नगरपालिकाद्धारा संचालित एम्बुलेनस सेवा निशुल्क गरिनेछ। शर्पदंश उपचार केन्द्र गोरुसिंङ्गे संगको सहकार्यमा सर्पदंशका बिरामीहरुलाई कुनै पनि शुल्क नलाग्ने गरी निशुल्क सर्पदंश उपचारको व्यवस्था मिलाईनेछ।

- नगरपालिका भित्र बसोबास गर्ने गरिब सीमान्तकृत तथा पछाडी परेका समुदाय भएका क्षेत्रहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवा बिस्तार गर्दै लगिनेछ।
- नगरपालिकाबाट संचालित आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटामा सबै नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी यसै बर्षको साउन १ गते देखि **स्वास्थ्य बीमा कार्यक्रम** लागु गरिनेछ।
- नगर स्तरीय आधारभूत स्वास्थ्य सेवा अस्पतालको व्यवस्थापन र अस्पतालबाट प्रदान गर्दै आईरहेका सेवालाई थप सेवा बिस्तारको लागि क्षयरोग निदानको लागि TB/ DR केन्द्रको सुद्धिढीकरण गरिनेछ।
- नगर स्तरीय आधारभूत स्वास्थ्य सेवा अस्पतालको व्यवस्थापन र अस्पतालबाट प्रदान गर्दै आईरहेका सेवालाई थप सेवा संचालनको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी स्तरउन्नति गर्दै लगिनेछ।
- बिगत बर्षदेखि प्रदान गर्दै आईरहेको महिला स्वास्थ्य स्वयंसेविका प्रोत्सान कार्यक्रमलाई निरन्तरता दिईने छ।
- आधारभूत अस्पतालमा सञ्चालित शव परीक्षण गृहलाई सुविधा सम्पन्न गराइनेछ।
- स्वाथ्य संस्थाबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी गराउन बिगत बर्षदेखि दिँदै आएको संचालन तथा व्यवस्थापन अनुदानलाई निरन्तरता दिइनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्दै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान पूर्वक बिदाई कार्यक्रम गरिनेछ।
- नगरबाट संचालित आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटामा संचालन हुन लागेको एकिकृत स्मार्ट-क्लिनिकको लागि  साझेदार संघ संस्थाहरुसँग आवश्यक समन्वय गरि यस बर्षको साउन १ देखि सेवा संचालन गरिनेछ।
- ७० बर्षदेखि माथिका जेष्ठ नागरिक तथा अशक्तहरुलाई घरमै गएर दिईने स्वास्थ्य सेवा **ज्येष्ठ नागरिक घरभेट** कार्यक्रमलाई निरन्तरता गरिनेछ।
- स्वास्थ्य संस्था मार्फत प्रदान गरिदै आएको **विशेषज्ञ सेवा**लाई निरन्तरता र थप प्रभावकारी बनाइने छ।
- स्वास्थ्य सूचना प्रणाली तथा आपूर्ती व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाईनको माध्यमबाट प्रतिवेदन प्रविष्ट गरिने व्यवस्था मिलाउनुको साथै समिक्षा प्रणालीलाई थप व्यवस्थित गरिने छ।
- स्वास्थ्य संस्थाहरुको अनुगमण मूल्याङ्कन सुपरिवेक्षण निर्देशिकाले तोके अनुसार प्राबिधिक र जन प्रतिनिधिहरुबाट गरिनेछ।

- गर्भवती तथा सुत्केरी आमाहरुको लागि बुटवल र भैरहवासम्मको लागि यस पालिका भित्रका सबै एम्बुलेन्सबाट निःशुल्क सेवा प्रदान गर्दै आएकोमा त्यस लाई निरन्तरता गरिनेछ।
- स्वास्थ्य कार्यक्रमहरुलाई थप प्रभाबकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा श्रोतको व्यवस्थापन गर्न पहल गरिने छ।

**ग. बहुक्षेत्रिय पोषण :**

- महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गरिनेछ।
- शिशु तथा बाल्यकालिन पोषणमा स्तनपान, पूरक खाना, स्याहार सुसार सम्वन्धि बानी-यवहार्व, सरसफाई, स्वच्छता, खाद्य सुरक्षा, संक्रमणको अवस्थामा समुचित उपचार जस्ता विषयहरूलाई एकिकृत रूपमा सम्बोधन हुनेगरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा विशेष प्याकेजका कार्यक्रम सहित यसै आर्थिक वर्ष भित्र पोषणमैत्री स्थानीय शासन लागू गरिनेछ।
- नेपालको लागि दिगो विकासको लक्ष्य अनुसार पाँच वर्ष मुनिका बालबालिकामा हुने पुड्कोपनलाई सन् २०३० को अन्त्यमा १५ प्रतिशतमा झार्ने, ख्याउटेपनलाई घटाएर ४ प्रतिशतमा पुर्‍याउने, रक्त अल्पतालाई १० प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ, भने प्रजनन् उमेरका महिलाहरूमा हुने रक्त अल्पता सम्बन्धी समस्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य अनुरुप कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप बिस्तार गरि यस नगरपालिकामा कार्यान्वयन गरिनेछ।

**घ. खानेपानी तथा सरसफाई :**

- हाल सम्म उपलब्ध भएका नीति तथा कानूनहरु जलवायु परिवर्तन अनुकुलित गर्नको लागि क्षमता अभिबृद्धि गरिनेछ।
- समुदाय स्तरमा संचालित खानेपानी सुरक्षा योजना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बाल केन्द्रित विपद् तथा जोखिम सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।
- बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।यो बर्ष थप वडाहरुलाई बालमैत्री वडाको रुपमा घोषणा गरिनेछ।
- बृहत बिद्यालय कार्यक्रम लागु गरिनेछ (ECD, Non Education, गुणस्तर आधारभूत शिक्षा, बिद्यालय सुरक्षा कार्यक्रम)

**ङ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

- सबै लक्षित वर्ग तथा समुदायका महिलाहरुलाई आय आर्जन गर्न सहज वातावरण निमार्णका लागि सिपमूलक तालिम प्रदान गरिनेछ।
- महिला माथि हुने हिंसा न्यूनिकरण गर्न सबै लक्षित वर्ग तथा समुदायका महिलाहरु लाई कानूनी सचेतना तथा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविवाह र त्यसले पुऱ्याउने जोखिमलाई न्यूनिकरण गर्नका लागि धर्मगुरुहरु, सरोकारवाला तथा बालक्लबका सदस्य र किशोर किशोरी समूहका सदस्य बिच सबै वडाहरुमा अन्तरक्रिया गराई बालविवाह न्यूनिकरण **गरिनेछ।**
- बालश्रम मुक्त नगरपालिका निर्माणका लागि बालश्रम हुने नगरभित्रका सबै ठाउँमा सरोकारवाला व्यक्तिहरुको उपस्थितिमा सचेतना कार्यक्रम तथा नियमित अनुगमन गरी बालश्रममा परेका बालबालिकालाई उद्धार गरिनेछ।
- यौनजन्य हिंसा तथा अन्य अपराध न्यूनीकरणका लागि विभिन्न सचेतना अभियान सहितका कार्यक्रम सञ्चालन गरिनेछ।
- बढ्दै गएको साइबर क्राइम र त्यसले पुऱ्याउने जोखिम तथा नकरात्मक प्रभावलाई न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक तथा घरेलु हिंसा नियन्त्रण र मानव बेचविखन विरुद्धका लागि विभिन्न अभियान सञ्चालन गर्दै यस्ता जघन्य घटनाहरुलाई निरुत्साहित गर्दै लगिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई जीविको पार्जनको लागि सिपमूलक तालिम प्रदान गरिनेछ।
- जेष्ठ नागरिकको उच्च सम्मान गर्दै प्रोत्साहन तथा उच्च मनोबल बढाउन विभिन्न सम्मानमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**<u>पूर्वाधार विकास नीति</u>**

- दिगो विकास सहितको पूर्वाधार निर्माणलाई आत्मसाथ गरिने छ। जलाधार, वनजंगल तथा प्राकृतिक स्रोतसाधनको संरक्षण र उपभोग गरिनेछ। रोजगारमूलक, गरिबी न्यूनीकरणमा सहयोग पुग्ने खालका पूर्वाधार विकासमा जोड दिइनेछ।
- परियोजना बैङ्कको निर्माण गरिनेछ। पूर्व तयारी पुरा भएका योजनामा मात्र बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ।
- निर्माण सम्पन्न भएका योजनाहरुको दिगोपनाको लागि मर्मत संभार कोषको स्थापना गरिनेछ।
- बिशेष गरी जटिल प्रकृतिका ठूला योजना तथा कार्यक्रमहरु लागत सहभागिता नजुट्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु विद्युतीय ठेक्का बिधिबाट सम्पन्न गरिनेछ भने

जनसहभागिता जुट्ने सरल प्रकृतिका योजना कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिनेछ।

- नगरपालिका भित्रका सार्वजनिक स्थानहरुको पहिचान एवं संरक्षण गरि उचित उपयोग गरिनेछ।
- नगरपालिकामा वृस्तित परियोजना प्रतिवेदन तयार भएका योजनाहरुको स्रोत व्यवस्थापन तथा सुनिश्चितताको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। साथै विस्तृत परियोजना प्रतिवेदन तयार हुन बाँकी योजनाहरुको स्रोत सुनिश्चितता गरिनेछ।
- पूर्वाधार निर्माणमा दिगोपन सुनिश्चितताको लागि जनसहभागिता जुटाई उपभोक्ताको अपनत्व बोध गराइनेछ। पूर्वाधार निर्माणमा न्यूनतम १०% जन सहभागिता अनिवार्य गरिनेछ।
- नगरपालिका भित्रका बाँकी रहेका वडा कार्यालयहरुको भवन निर्माण कार्य क्रमशः निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिईनेछ।
- नगर सौन्दर्यकरणका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ। साथै पूर्वाधारका योजनाहरु बालमैत्री, वातावरण मैत्री, अपांगमैत्री बनाइनेछ।
- सडक, खानेपानी, सिंचाई, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ। साथै पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गरिनेछ।
- नगरपालिका भित्रका सबै वडामा नयाँ बन्ने घरहरुको नक्सा पास गरेर मात्र निर्माण गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ। साथै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाको स्वीकृतीबाट मात्र गरिनेछ।
- पुजिगत खर्चको गुणस्तर बढाउन **"माघ मसान्तभित्र सम्झौता,जेठ महिना भित्र भुक्तानी"** को नीति कडाईका साथ पालना गरिनेछ।

<u>वन वातावरण तथा विपद् व्यवस्थापन नीति</u>

- वन मार्फत समृद्धिलाई मध्यनजर गर्दै सरकारी तथा निजी वनमा बृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ।
- ग्रिन सिटिको अबधारणा अनुरुप सडकको छेउछाउ वृक्षारोपण गरिनेछ।
- नगर क्षेत्रमा बसपार्क तथा डम्पिङ्ग साइट निर्माणको लागि संभाव्यता अध्ययन गरी DPR तयार गरि सोही बमोजिम निर्माणको कार्य अगाडि बढाइने छ।
- फोहरलाई स्रोतमै छुट्याउने, पुःन प्रयोग गर्ने तथा फोहोरबाट मोहर बनाउने तर्फ जोड दिइनेछ।
- यस नगरमा हुने आगलागी, हुरी, चटयाङ्ग, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका घटनाहरुबाट प्रभावितहरुका लागि तत्कालिन रुपमा राहत उपलब्ध गराइनेछ।

- आगलागीबाट हुने विपद्लाई न्यूनिकरण गर्न दमकल संचालन तथा व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरिनेछ।
- विपद् पूर्व तयारीका क्षेत्रमा आवश्यक पूर्वाधारहरु विकास गर्न सम्बन्धित सबै सरोकारवालाहरु सँग सहकार्यलाई निरन्तरता दिइने छ।
- विपद् पूर्व तयारीका सन्दर्भमा जनचेतना अभिवृद्धिका सन्दर्भमा सम्बन्धित सबै सरोकारवालाहरुको बीचमा बृहत साझेदारी निर्माण गर्दै विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बिपद् जोखिम र सरसफाई सम्बन्धि अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ।
- प्राकृतिक बिपद् आगालागि, भुकम्प, हावाहुरी र बर्षातमा हुन सक्ने सम्भावित जोखिम सम्बन्धमा समुदायमा जागरणका कार्यक्रमहरु गरिनेछ।
- यस नगरपालिकामा सञ्चालन हुने विकास योजनाहरुलाई वातावरणमैत्री बनाउनका निमित्त आवश्यक नीतिगत व्यवस्था गरिनेछ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई सीपयुक्त जनशक्ति विकास गरी, आवश्यक सामाग्री खरीद गरी सूचना प्रविधिमा आधारित बनाई दिगो तथा प्रभावकारी बनाइनेछ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति</u>**

- शिवराज नगरपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त, पारदर्शी, नागरिकमैत्री, सुशासन उन्मुख थप गुणस्तरिय, र प्रभावकारी बनाउनका लागि नयाँ उपकरणहरुको खोजी गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।
- शिवराज नगरपालिकाले सञ्चालन गरेको नागरिक सेवा प्रवाह केन्द्रलाई थप व्यवस्थित गरिनेछ।
- शासनका नविनतम् अबधारणाहरु NPG,NPP, Network Governance नवप्रवर्तन लगायतको आत्मसात गरी नगरपालिकको नीति निर्माण, सेवा प्रवाह तथा विकास व्यवस्थापन गरिनेछ। सुशासनका अवयवहरु लाई पुष्टता प्रदान गरि स्थानीय अर्थतन्त्रको बलियो जग निर्माण गर्नका लागि शासन प्रणाली भित्र नव-प्रवर्तन र समन्वयका नवीन ढाँचाहरुको पहिचान र उपयोग गरिनेछ।
- सेवा प्रवाहको लागत न्यूनिकरण गर्नका लागि तथा ग्रीन, ओर्गानिक तथा डिजिटल ( GOD) नगर स्थापनार्थ विज्ञान तथा प्रविधिको प्रयोगका सम्भावनाहरुको खोजी गरी विद्युतिय शासनको अवधारणालाई मूर्त रुप दिनका निमित्त अध्ययन, अनुसन्धान तथा स्रोत परिचालनको कार्यलाई निरन्तरता प्रदान गरिनेछ।
- गरिबी, बेरोजगारी तथा वञ्चितिकरण नक्सांकनका लागि तथा नगरको समग्र सामाजिक तथा आर्थिक परिद्धश्य बोध गरी तथ्यांक र आवश्यकतामा आधारित विकासका कार्यक्रम र परियोजना निर्माणका निमित्त बृहत् सर्वेक्षण कार्यक्रम सञ्चालन गरी म्युनिसिपल डाटा बेस (नगर तथ्यांक आधार) तयार गरिनेछ।

- यस नगरपालिकाबाट हुने सेवा प्रवाह तथा शासकीय संयन्त्र भित्रका सबल र दुर्बल पक्षहरुको पहिचान गरी कार्यक्रम/योजनाहरुको लागत प्रभावी कार्यान्वयन गर्ने तथा ती योजनाहरुबाट प्रतिफल प्राप्त हुने/नहुने सम्बन्धमा यथोचित पृष्ठपोषण प्राप्त गरी भविष्यको नीति/योजना तर्जुमालाई वस्तुपरक तथा प्रतिफल उन्मुख बनाउनका निमित्त नतिजामा आधारित अनुगमन प्रणालीलाई संस्थागत गरिने छ।
- शिवराज नगरपालिकाबाट हुने सेवा प्रवाहमा सेवाग्राहीको स्वस्थ नियन्त्रण कायम हुने गरी सेवाग्राहीलाई सुसूचित गर्ने, सशक्तिकरण गर्ने कार्यमा सरोकारवाला पक्षहरुसँग बृहत् साझेदारी निर्माण गरी समन्वयात्मक ढंगले अगाडी बढिनेछ।

<u>आर्थिक प्रशासन नीति</u>

- आर्थिक प्रशासन शाखाको सवलीकरण गरी भुक्तानी प्रकृयालाई चुस्त दुरुस्त छिटो छरितो एवं पारदर्शी बनाईनेछ।
- नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली लागू गरिनेछ।
- विद्युतीय भुक्तानी प्रणालीलाई निरन्तरता दिँदै पूर्ण रुपमा electronic fund transfer (EFT) अवलम्वन गरिनेछ।
- आर्थिक प्रतिवेदन प्रणालालाई नियमित गराई संघ र प्रदेशबाट प्रतिवद्धता प्राप्त अनुदानलाई समयमै प्राप्त गरिने व्यवस्था मिलाईने छ।
- सुचनाको हकको प्रत्याभुतीका लागि त्रैमासिक रुपमा आय व्यय सार्वजनिकरण गर्दै आर्थिक सूचना उपलब्ध गराईने छ।
- आर्थिक अनुशासन कायम गरी स्रोतको मित्व्ययी एवं गुणस्तरीय रुपमा परिचालन गर्न आर्थिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- आर्थिक कार्यविधि ऐन कानून नियम निर्देशिकाको पुर्ण परिपालना गरी वेरुजु आउनै नदिने तर्फ शर्तक रहि देखिएको वेरुजुलाई सम्परीक्षण गरि शुन्य वेरुजु युक्त नगरपालिकाको रुपमा विकास गरिनेछ।
- आ.ले.प. शाखाको व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावाकारी बनाई आर्थिक अनुशासन कायम गरिनेछ।
- भुक्तानीको समयमा कट्टि गरिएको विभिन्न दायित्वहरुलाई समेत electronic fund transfer इलेक्ट्रोनिक फन्ड ट्रान्सफरको व्यवस्था गरिनेछ।
- नगरपालिकाको कार्यवोझ कार्यचापको आधारमा विद्यमान दरवन्दी र संगठनलाई चुस्त दुरुस्त र कार्यमूलक बनाउन नगरपालिकाको विद्यमान संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाइ संसोधन गरिनेछ।
- सार्वजनिक सेवामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गरी गुणस्तरीय कार्य सम्पादन गर्न क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ।

- जिन्सी व्यवस्थापनलाई प्रभावकारी पारदर्शी र चुस्त दुरुस्त बनाउन सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लाई निरन्तरता दिइने छ।
- जनतासँग स्थानीय सरकार कार्यक्रम बनाई सबै वडामा घुम्ती सेवा प्रवाह संचालनमा ल्याइने छ।
- नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ र संघ प्रदेश स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ मा उल्लेख भए अनुसारका आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा संशोधन तथा परिमार्जनको कार्यलाई निरन्तरता दिइने छ।
- उपभोक्ता समिती टोलविकास संस्थामा आवद्ध सदस्यहरुलाई नगर स्तरीय तथा वडास्तरीय योजना कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागी क्षमता विकास तालिम संचालन गरिने छ।
- नगरको समग्र विकास निर्माण र सेवा प्रवाहको अवस्थाको जानाकारी दिन सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी सर्वेक्षण सामाजिक परीक्षण जस्ता उत्तरदायी कार्यक्रम संचालन गरिने छ।
- आवधिक योजनाको मार्गदर्शन अनुरुप मध्यमकालिन खर्च संरचना, मध्यमकालिन बजेट संरचना तथा क्षेत्रगत रणनीतिक योजना तयार गरी कार्यन्वयन गरिने छ।
- राष्ट्र सेवक कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी दण्ड पुरस्कारको उचित र प्रभावकारी व्यवस्था गरिनेछ।
- कार्यवोझका कारण कार्यालय समय भन्दा अतिरिक्त समय काम गर्ने कर्मचारीलाई कार्यविधीका आधारमा प्रोत्साहित गरिनेछ।
- व्यक्तिका सम्पूर्ण घटना दर्ता अद्यावधिक गरिनेछ।
- पालिकामा सेवा लिन आउने सेवाग्राहीहरुलाई सहजताको लागि हेल्प डेक्स तथा नागरिक सेवा केन्द्रलाई निरन्तरता दिइने छ।
- कर्मचारी कल्याण तथा उपदान कोष लगायत अन्य कल्याणकारी कोषको व्यवस्था गरिनेछ।

**सूचना प्रविधि**

- सुचना प्रविधिको माध्यमबाट सेवा प्रवाहलाई चुस्त बनाउन डिजिटल पालिकाको अबधारणा लागू गरिनेछ।
- यस पालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरुमा इन्टरनेटको पहुँचका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- वडास्तरबाट संचालन हुने राजश्वलाई Internet Computer System बाट नगरपालिकाको केन्द्रिकृत प्रणालीमा आबद्धता लाई निरन्तरता दिइनेछ।

- पालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा विद्युतिय सिकाई, विद्युतिय शिक्षा कार्यान्वयनमा जोड दिनइनेछ।
- नगरपालिका भित्र संचालनमा रहेका संचार/अनलाइन सेवा प्रदायक संस्थाहरुलाई दर्ता तथा अद्यावधिक गरिनेछ।
- नगरपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधाहरुलाई क्रमशः सफ्टवेयर तथा विद्युतिय माध्यमबाट संचालन गर्दै लगिनेछ।
- नगरपालिकाको वेवसाइटलाई अध्यावधिक राखी महत्वपूर्ण निर्णय जानकारी र सूचनाहरुलाई वेवसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाइनेछ।
- सर्वसाधारणले सरल र सहज रुपमा सेवा प्राप्त गर्न आफुसंग सम्बन्धित सूचनाहरुको उपयोग गर्न सक्ने स्थानीय सरकारको बारेमा आवश्यक जानकारी लिई आफ्ना गुनासा र समस्याहरु समाधान गर्न सक्ने व्यवस्थाका लागि एकिकृत सूचना प्रणाली लागु गरिने छ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण व्यवस्थापन**

- घटना घटेको मितिले ३५ दिनभित्र घटना दर्ता गर्न प्रोत्साहन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता बैङ्किग प्रणाली मार्फत वितरण गरिएको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- नेपाल सरकारले सामाजिक सुरक्षा भत्ताको लागि लागू गरेको बायोमेट्रिक प्रणालीलाई कार्यान्वयन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता प्रत्येक त्रैमासिकमा बैङ्क मार्फत वडा स्तरमा सामाजिक सुरक्षा भत्ता वितरणका लागि वडा स्तरमा बैङ्किग शिविर संचालन गरिने छ।
- अपाङ्गता भएका व्यक्ती र अति अशक्त भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणको सेवा घरमै पुऱ्याउने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ।
- सामाजिक सुरक्षा लगायत घटना दर्ता र पञ्जिकरणलाई सशक्त, प्रभावकारी बनाउन सामाजिक सुरक्षा दर्ता शिविर र सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता EFT(Electronic Fund Transfer) मार्फत लाभग्राहीहरुको खातामा EFT मार्फत बैङ्कमा रकम जम्मा गरिने व्यवस्था मिलाउन बैङ्क सँग समन्वय र भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक गरिनेछ।

**न्याय सम्पादनः**

- **"झगडा होइन मेलमिलाप गरौं"** भन्ने नीति सहित न्यायिक समितीलाई थप शसक्त बनाइदै लगिनेछ। मेलमिलापकर्ताहरुको छनौट गरी वडा स्तरबाटै धेरै जस्तो मुद्धाहरुको स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो र थप व्यवस्थित बनाइनेछ।

- झिना-मसिना प्रकृतिका विवादहरुको कारण बढ्दो पारिवारिक तथा सामाजिक विखण्डनलाई क्रमशः नियन्त्रण गर्न त्यस्ता प्रकृतिका विवादको गाउँटोलमै समाधान गर्न हरेक वडामा आवश्यकता अनुसार मेलमिलाप केन्द्र स्थापना गरिनेछ।
- न्यायको पहुँचबाट टाढा रही निष्पक्ष न्याय पाइन्छ भन्ने कुराको आशा मारि वर्षौंदेखि अन्यायपूर्ण प्रताडना सहन विवस महिला, बालबालिका लगायत सम्पूर्ण जनतालाई न्यायिक समिति मार्फत सहजै न्यायको पहुँचको सुनिश्चितताको प्रत्याभूत गरिनेछ।
- न्यायिक समितिमा प्राप्त उजुरी दर्ता तथा किनारा लागेका उजुरी फाइलहरुको सुरक्षित व्यवस्थापन गरी खोजेको बखत सहजै उपलब्ध हुने गरी व्यवस्थित अभिलेखिकरण तथा प्राथमिकताको आधारमा निरुपणको व्यवस्थालाइ प्रविधी मैत्री बनाइनेछ।
- सुचिकृत मेलमिलाप कर्ताको सुची अध्यावधिक तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।
- न्यायिक निरुपणलाई सरल, शिघ्र तथा अत्यन्तै कम शुल्कमा प्रदान गर्नको लागि आम जनतालाई न्यूनतम कानूनी एवं कार्यविधिगत ज्ञानको लागि न्यायिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- न्यायिक समिती तथा अन्य जनप्रतिनिधीहरुलाई विभिन्न जिल्लाहरुमा स्थापित न्यायिक इजलास र न्यायिक प्रकृयाको अध्ययन अवलोकन गराइनेछ।
- नगरबासीको न्यायिक पहुँच युक्त तथा दण्डहिनता मुक्त, शान्तिपुर्ण, सु-संस्कृत नगरको रुपमा विकास गर्न सम्वद्ध सरोकारवाला पक्षसँग हातेमालो गर्दै लक्षित उद्देश्य हासिल तर्फ विशेष जोड दिइनेछ।

अन्तमा आगामी आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउने संघीय तथा प्रदेश सरकारका माननीयज्यूहरु,सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, आम संचार,पत्रकार, विभिन्न संघ संस्था, कृषक मजदुर लगायत सम्पूर्ण शिवराज नगरवासीहरु, विभिन्न समितीका पदाधिकारीज्यूहरु, नगरसभा तथा कार्यपालिकाका सम्पूर्ण सदस्यहज्यूहरु, अहोरात्र नगरपालिकाको सम्वृद्धिको लागि खट्नु भएका आम राष्ट्रसेवक कर्मचारीहरु प्रती आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु।

जय शिवराज!

..........................

**अजय थापा**

**नगर प्रमुख**

मितिः २०८१ आषाढ ९